# बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउलेख ,बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्याः २०७८।०७९
च. नं २९ (शि/सं)

मितिः२०७८।११।१०

विषयः प्रस्ताव आह्वान गरिएको बारे ।

श्री सबै सामुदायिक विद्यालयहरु
बित्थडचिर गाउँपालिका, बझाङ ।

प्रस्तुत विषयमा यस गाउँपालिकाका लागि चालु आ व ०७८।०७९ मा नेपाल सरकारबाट हस्तान्तरित तपसिलका कार्यक्रमहरुका लागि अनुदान वितरण गर्नु पर्ने भएकोले यस अघि कुनै क्षेत्रबाट उक्त कार्यक्रम प्राप्त नगरेका विद्यालयहरुले तपसिलमा उल्लेख भएका न्यूनतम सर्तहरु पूरा गर्ने गरि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०७८।११।२५ गते भित्र तोकिएको ढाँचामा प्रस्ताव पेस गर्न हुन ईच्छुक विद्यालयहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्तावना उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

| क्रस | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | ५० हजार | आधारभूत विद्यालयले समेत प्रस्ताव पेस गर्न सक्ने |
| २ | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | २ लाख | |
| ३ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६ लाख ५० हजार प्रतिविद्यालय | आधारभूत विद्यालयले समेत प्रस्ताव पेस गर्न सक्ने |
| ४ | शिक्षण सिकाइमा ICT को प्रयोग | ६ लाख ५० हजार प्रतिविद्यालय | विद्युतीय सुविधा भएका आधारभूत विद्यालयले समेत प्रस्ताव पेस गर्न सक्ने |
| ५ | विज्ञान प्रयोगशाला अनुदान | ६ लाख ५० हजार प्रतिविद्यालय | माध्यमिक विद्यालयहरुलाई |
| ६ | एक विद्यालय एक उद्यम कार्यक्रम | ५ लाख | १ माध्यमिक विद्यालय |

क) **तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयहरुलाई कार्यसम्पादनमा आधारित अनुदान** (Performance based grands): विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४, को अनुसूची ३ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सुचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकलाप सहितको प्रस्ताव पेस गर्नु पर्ने छ ।

ख) **उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान** : उत्कृष्ट विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि विद्यालय छनौट गर्दा कक्षा ८ कक्षा १० र कक्षा १२ को परीक्षा नतिजा,शिक्षक उपस्थिती, विद्यार्थी संख्या,सिकाइ उपलब्धी,विद्यार्थी कक्षा छाड्ने दोहोर्याउने दर, विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था लगायतका सूचकहरु तथा विद्यालयले सिकाइ उपलब्धीमा थप बृद्धी गर्ने र आफ्ना असल अभ्यासहरु,न्यूनतक सिकाइ उपलब्धी



Scanned with CamScanner

भएका विद्यालयहरुलाई अनुभव आदान प्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलाप समेत समेटिएको प्रस्ताव पेस गर्नु पर्ने छ ।

ग) **पुस्तकालय स्थापना तथा व्यवस्थापन :** पुस्तकालय नभएका, गत आवहरुमा पुस्तकालय शीर्षकमा अनुदान प्राप्त नगरेका(माध्यमिक विद्यालय तथा आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालित) तथा विद्यार्थी संख्या उच्च रहेका,पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा रहेका विद्यालयहरुले प्रस्ताव सहित निवेदन दिनुपर्ने ।

घ) **शिक्षण सिकाइमा ICT को प्रयोग:**

- गत आवमा यस शीर्षकमा अनुदान प्राप्त नगरेका ईन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपुर्ति भएका विद्यालयहरु ।
- शिक्षकको ICTका माध्ययमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता ।
- कम्प्युटर / सप्टवेयर / विद्युतीय अन्तरक्रियात्मक / श्रव्य-दृष्य सिकाइ सामग्री व्यवस्थापन र आवश्यक फर्निचर व्यवस्थापन गर्ने सुनिश्चिचता सहितको प्रस्ताव पेस हुनु पर्ने ।

ङ) **माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान:**

- विज्ञान प्रयोगशाला स्थापना नभएका, गत आवहरुमा विज्ञान प्रयोगशाला अनुदान प्राप्त नगरेका तथा विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा रहेका विद्यालयहरुले नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को अनुसूचिमा उल्लेख मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने गरि प्रस्ताव पेश गर्ने ।

च) **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम:**

- एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि वित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ ले तोकेको मापदण्ड पुरा गरेका माध्यमिक विद्यालयहरुले यसमा प्रस्तावना सहित आवेदन दिन सक्नेछन् ।
- नमुना विद्यालयका रुपमा विकास गरेका (प्राविधिक धार सञ्चालित) तथा अन्य प्राविधिक धार सञ्चालित विद्यालयलाई प्राथमिकता दिइने छ ।
- यसका लागि प्रस्तावनामा उद्यम कार्यक्रम सञ्चालनका लागि उद्यमी विद्यार्थी क्लबको गठन गरेको, पुर्व विद्यार्थी समुह गठन गरेको, विद्यार्थी क्लबबाट गर्न खोजेको उद्यमको स्पष्ट मार्ग चित्र सहित प्रस्ताव पेस गर्ने ।

नरबहादुर धामी
शिक्षा अधिकृत

बोधार्थ:

श्री सुचना प्रविधि शाखा वेवसाइटमा अद्यावधिकका लागि ।



Scanned with CamScanner